नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय

# जिल्ला स्वास्थ्य कार्यालय, भोजपुर

## बर्थिङ्ग सेन्टरको लागि औजार उपकरण खरीद सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः-२०७२।०२।१४

यस जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७१/०७२ को लागि आबश्यक पर्ने बर्थिङ्ग सेन्टरको लागि औजार उपकरण सिलबन्दी दरभाउपत्रबाट खरीद गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आव्हान गरिएको छ ।

**शर्तहरुः-**

(०१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउपत्र फारम जिल्ला प्रशासन कार्यालय भोजपुर, को.ले.नि.का भोजपुर र यस कार्यालयको लेखा फाँटबाट रु ३००।-(फिर्ता नहुने गरी ) तिरी खरीद गर्न सकिने छ ।

(०२) दरभाउपत्र खरीद गर्दा आधिकारिक निबेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ ।
- (क) सम्वन्धित कारोवारको अधिकार प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।
- (ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
- (ग) आ.ब.२०७०/०७१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
- (घ) प्रोपाईटर स्वयंम उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा ।
- (ङ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

(०३) खरीद गरिएको दरभाउपत्र १६ औ दिनको १२:०० बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

(०४) रितपुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(०५) रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

(०६) दरभाउपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनीक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुने छ ।

(०७) दरभाउपत्र दाताले आफुले कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भोजपुरको धरौटी खाता नं. २०४०२०३००००००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिनको ( दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट) मान्य अबधि भएको बैक जमानत पत्र पेश गर्नु पर्ने छ । साथै दरभाउपत्रको मान्य अवधी ४५ दिनको हुने छ ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ । केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

(०९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

(१०) दरभाउपत्र दाताले दरभाउपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ ।

(११) एउटा फर्म वा कम्पनीले खरीद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरीने छ ।

(१२) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ ।

(१३) आफुले दाखिला गरेको दरभाउपत्र फिर्ता लिन पाइने छैन ।

(१४) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

(१५) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ ( संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| विवरण | लागत अनुमान अंक (भ्याट सहित) | धरौटी |
|---|---|---|
| बर्थिङ्ग सेन्टरको लागि औजार उपकरण | ६५६९९६।१३ | १६४२५।- |